# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

**निर्णयहरु :**

१. समितिको आजको बैठकमा "अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको कार्यविधि, २०८०" को मस्यौदा प्रस्तुत भई त्यस उपर समितिका माननीय सदस्यहरुको सुझाव प्राप्त भयो । तत्पश्चात् माननीय सदस्यहरुबाट प्राप्त सुझाव सहितको देहाय बमोजिमको कार्यविधि पारित गरियोः

## अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिको कार्यविधि, २०८०

समितिको वैठकलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन बाञ्छनिय भएकोले, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५३ को उपनियम (७) ले दिएको अधिकार प्रयोग गरी अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिको कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## <u>छलफल तथा निर्णय</u>

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपसमिति" भन्नाले तोकिएबमोजिम कार्यसम्पादन गर्ने गरी समितिद्वारा गठित उपसमिति सम्झनुपर्दछ ।

(ख) "कार्यदल" भन्नाले तोकिए बमोजिम कार्यसम्पादन गर्ने गरी समिति वा उपसमितिद्वारा गठित कार्यदल सम्झनु पर्दछ।

(ग) "कार्यक्षेत्र" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धी सम्झनु पर्दछ।

(घ) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ सम्झनु पर्दछ ।

(ङ) "वैठक" भन्नाले अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिको वैठक सम्झनुपर्छ

# प्रदेश सभा
# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

र सो शब्दले समितिद्वारा गठित उपसमिति वा कार्यदलको वैठक समेतलाई जनाउँछ ।

(च) "सचिवालय" भन्नाले अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिको सचिवालय सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिको सदस्य सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले सुदूरपश्चिम प्रदेश सभा सम्झनु पर्दछ ।

(झ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्दछ र सो शब्दले वैठकको सभापतित्व गर्ने ज्येष्ठ सदस्यलाई समेत जनाउँछ।

(ञ) "समिति" भन्नाले अर्थ, विकास तथा प्राकृतिक स्रोत समिति सम्झनु पर्दछ ।

(ट) "समिति सचिव" भन्नाले नियमावलीको नियम १६३ को उपनियम(३) बमोजिमको समितिको सचिव सम्झनु पर्दछ ।

(ठ) "संयोजक" भन्नाले समिति वा उपसमितिद्वारा गठित कार्यदलको संयोजक सम्झनु पर्दछ ।

३. **वैठकको प्रारम्भ र स्थगनः** सभापतिले प्रत्येक वैठकको प्रारम्भ र स्थगनको घोषणा गर्नेछ ।

४. **समितिको बैठकः** समितिको वैठक निर्धारित मिति, समय र स्थानमा बस्नेछ । निर्धारित समयको तीस मिनेटसम्म पनि वैठक प्रारम्भ हुन नसकेमा सभापतिले उक्त वैठक स्थगन गरी अर्को वैठकको मिति वा समय तोक्न सक्नेछ ।

तर समितिका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले लिखित रुपमा विषयवस्तु उल्लेख गरी सो विषयमा छलफल गर्न वैठक बस्नुपर्ने माग गरेमा सभापतिले विषयवस्तुको गाम्भिर्यतालाई हेरी पाँच दिनभित्र वैठक बोलाउनु पर्नेछ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## <u>छलफल तथा निर्णय</u>

५. **<u>वैठकको कार्यसूची र जानकारीः</u>** समितिको वैठकको कार्यसूची सभापतिको सल्लाह र निर्देशनमा समिति सचिवले तयार गर्नेछ।

(२) समिति सचिवले समिति, उपसमिति वा कार्यदलको वैठकको कार्यसूची सहितको जानकारी सदस्यलाई वैठक बस्नुभन्दा चौबिस घण्टा अगाडी विधुतीय माध्यमबाट गराउनेछ ।

(३) समितिको कुनै सदस्यले विषयको गाम्भिर्यता अनुसार तत्काल कुनै विषयबस्तु कार्यसूचीमा राख्नुपर्ने भएमा सभापतिको अनुमतिले वैठकसमक्ष प्रस्ताव गर्नुपर्नेछ ।

६. **<u>उपस्थितिः</u>** (१) वैठकमा सदस्य निर्धारित समयमै उपस्थित हुनुपर्नेछ ।

(२) उपस्थित सदस्यले वर्णानुक्रम अनुसारको उपस्थिति वा निर्णय पुस्तिकामा उपस्थिति जनाउन दस्तखत गर्नुपर्नेछ ।

७. **<u>गणपूरक संख्याः</u>** (१) गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

## छलफल तथा निर्णय

(२) समितिको वैठकमा गणपूरक संख्या नपुगेमा सो संख्या नपुगेसम्म समितिको सभापतिले अर्को कुनै समय वा दिनसम्मको लागि वैठक स्थगित गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लगातार दुई पटक वैठक स्थगित गर्नु परेमा सभापतिले त्यसको जानकारी सभामुखलाई दिनु पर्नेछ ।

८. **वैठकको सञ्चालन र व्यवस्थापनः** वैठकको सञ्चालन, समय व्यवस्थापन र छलफल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) वैठकको कार्यसुचीमा परेका विषयवस्तुको गाम्भिर्यता, प्रकृति र महत्वलाई ध्यानमा राखी वैठकको सञ्चालन र समयावधी सभापतिले निर्धारण गरे बमोजिम हुनेछ ।

तर सामान्यतया कार्यसूचीमा नपरेको विषयलाई छलफलको प्राथमिकतामा राखिने छैन।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

(ख) वैठकमा विषयसँग सम्बन्धित विज्ञ वा आमन्त्रितलाई कार्यसूचीमा केन्द्रित रही आफ्ना भनाई राख्न दिइनेछ ।

(ग) विज्ञ वा आमन्त्रितले आफ्ना भनाई राखिसके पछि सदस्यले बोल्ने समय निर्धारण गरी छलफल प्रारम्भ गरिनेछ । छलफलमा भाग लिने सदस्यले विषयमा केन्द्रित रहेर निर्धारित समयभित्रै आफ्नो विचार राख्नुपर्नेछ।

(घ) सदस्यले वैठकमा राखेको जिज्ञासाको जवाफ दिइ सकेपछि आमन्त्रितलाई वैठकबाट विदा गरिनेछ ।

(ङ) वैठकको छलफल समाप्त भएपछि वैठकको निर्णय समितिमा प्रस्तुत गरिनेछ र उक्त निर्णय सभापतिबाट प्रमाणित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

(च) समितिको निर्णय कार्यान्वयनको लागि समितिको निर्णय वा सभापतिको निर्देशन अनुसार सचिवले निर्णयसँग सम्बन्धित कागजात सम्बन्धित निकायबाट माग गर्नेछ।

(छ) सदस्य बाहेक सभाको कुनै सदस्यले छलफलमा भाग लिन चाहेमा नियमावलीको नियम १५० को उपनियम (४) बमोजिम वैठक बस्ने दिन भन्दा कम्तीमा एक दिन अगावै सभापतिलाई जानकारी दिई उपस्थित हुन सक्नेछ ।

तर निजलाई समितिमा मतदानको अधिकार हुने छैन ।

(ज) वैठक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ।

९. **<u>बैठकमा विशेष ध्यान दिनुपर्ने कुराहरुः</u>** वैठकमा विशेष ध्यान दिनुपर्ने विषय मुख्य रुपमा देहाय बमोजिम हुनेछन:-

(क) वैठकमा पुर्वनिर्धारित कार्यसूचीमा छलफल हुनेछ ।

# प्रदेश सभा
# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

(ख) सदस्यले समितिको वैठकमा बोल्दा सभापतिलाई मात्र सम्बोधन गरेर बोल्नुपर्नेछ।

(ग) वैठकमा बोल्न चाहने सदस्यले हात उठाएर सभापतिको ध्यानाकर्षण गर्न सक्ने वा तोकिएको समयभित्र नाम टिपाउन सक्नेछ।

(घ) छलफलमा बोल्दा सभापति वा समितिको मर्यादामा आँच आउने कुनै कुरा बोल्न पाइने छैन ।

(ङ) वैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लगाउने, अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन।

(च) वैठकको अवधिभर मोबाइल फोन मौन अवस्थामा राख्नुपर्नेछ र आवश्यक परेमा सभापतिको अनुमति लिएर सभाकक्ष बाहिर गएर कुरा गर्नुपर्नेछ ।

(छ) वैठक चलिरहेको समयमा छलफल सम्बन्धी कागजात बाहेक पत्रपत्रिका पढ्ने

वा अन्य असान्दर्भिक कागजपत्र पढ्न पाइने छैन ।

(ज) विशेष कारण परेको अवस्थामा बाहेक वैठक प्रारम्भ भएपछि अन्त्य नभएसम्म सदस्य वैठक कक्षमा अनिवार्य उपस्थित रहनुपर्नेछ । कारण विशेषले समितिको वैठक नसकिदै वैठक छाडेर बाहिर जानु परेमा सभापतिको अनुमति लिएर मात्र जानु पर्नेछ ।

१०. **सुव्यवस्था र अनुशासन कायम गर्ने:** (१) समितिको वैठकमा शान्ति, सुव्यवस्था तथा अनुशासन कायम राखी समितिको वैठक सुचारु रुपले सञ्चालन गर्न समिति र समितिका सदस्यका सम्बन्धमा नियमावली बमोजिम सभामुखलाई भएको सबै अधिकार सभापतिलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग भई समितिको कुनै सदस्य निष्काशित वा निलम्बित भएमा सभापतिले सो कुराको सूचना सभामुखलाई दिनु पर्नेछ ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

११. **विज्ञलाई आमन्त्रण गर्न सक्ने:** समितिले आवश्यक ठानेमा सम्बन्धित विषयका विज्ञलाई समिति, उपसमिति वा कार्यदलको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि समितिको परामर्शमा सचिवालयले विज्ञको रोष्टर तयार गर्नु पर्नेछ ।

१२. **विज्ञ सल्लाहकार राख्न सक्ने:** (१) सभापतिले आवश्यक ठानेमा समितिको काममा सहयोग पुऱ्याउन अवैतनिक वा सचिवालयलाई कुनै किसिमको आर्थिक भार नपर्ने गरी विज्ञ सल्लाहकार राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञ सल्लाहकार राख्दा निजको सेवा, शर्त र अवधी तोक्नु पर्नेछ । सोको जानकारी सभापतिले समितिलाई दिनु पर्नेछ ।

१३. **निर्णय प्रक्रिया:** छलफल समाप्त भएपछि वैठकको निर्णय समितिमा प्रस्तुत गरिनेछ । समितिको वैठकमा उपस्थित समितिको सदस्यको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

१४. **उपसमिति वा कार्यदल गठनः** (१) समितिले आफ्नो कार्य सम्पादनका क्रममा आवश्यकतानुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) समितिले उपसमिति वा कार्यदलले सम्पादन गर्नुपर्ने काम र समयावधी निर्धारण गर्नेछ ।

(३) उपसमिति वा कार्यदलको संयोजक समितिले तोक्नेछ । समितिले नतोकेको अवस्थामा सम्बन्धित उपसमिति वा कार्यदलमा रहने सदस्यको आपसी सहमतीबाट संयोजक चयन गरिनेछ ।

(४) विषयको गाम्भिर्यतालाई विचार गरी समितिले आवश्यकतानुसार सभापतिको संयोजकत्वमा समेत कार्यदल गठन गर्न सक्नेछ ।

(५) उपसमिति वा कार्यदलले समितिले तोकेको समयावधी भित्रै आफुलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ । निर्धारित समयभित्र कार्य सम्पन्न हुन नसकी सम्बन्धित उपसमिति वा कार्यदलले समयावधि थप गर्न माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ ।

(६) उपसमिति वा कार्यदललाई कार्य सम्पादन गर्ने क्रममा कुनै कठिनाई भएमा सभापतिसँग समन्वय गर्नेछ ।

(७) उपसमिति वा कार्यदलले समिति समक्ष पेश गरेको प्रतिवेदन माथि समितिको वैठकमा छलफल गरी आवश्यक निर्णय लिइनेछ ।

१५. **विधेयकको दफावार छलफल:** (१) सभाबाट विधेयकको दफावार छलफलका लागि समितिमा पठाउने निर्णय भएपश्चात समितिले प्रदेश सभा सचिवालयबाट विधेयक र सो सँग सम्बन्धित अन्य कागजपत्र समेत माग गरी समितिको व्यवस्थापन प्रक्रियामा समावेश गर्नुपर्नेछ ।

(२) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विधेयकमाथि समितिमा दफावार छलफल हुनेछ ।

(३) समितिको वैठकमा विधेयकमाथि दफावार छलफल गर्दा विषय विज्ञ, प्रदेश सरकारको कानुन मन्त्रालयका प्रतिनिधि, संशोधन प्रस्तावकर्ता सदस्य तथा सम्बन्धित मन्त्री एवम् सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

(४) विधेयकमाथि दफावार छलफल समाप्त भएपछि समितिले सचिवालयका कर्मचारीको सहयोगमा सो सम्बन्धी प्रतिवेदन तयार गर्नेछ ।

१६. **प्रत्यायोजित व्यवस्थापन उपर जाँचबुझ र अध्ययनः** समितिले नियमावलीको नियम १६८ मा भएको व्यवस्था बमोजिम प्रत्यायोजित व्यवस्थापन उपर जाँचबुझ तथा अध्ययन गर्दा सम्बन्धित विषय विज्ञसँग समेत छलफल गर्न सक्नेछ ।

१७. **प्रतिवेदन प्रस्तुत गर्नेः** समितिको हरेक प्रतिवेदन समितिको बैठकबाट पारित हुनेछ । त्यस्तो प्रतिवेदन सभापति वा निजको अनुपस्थितिमा सभापतिले तोकेको अन्य कुनै सदस्यले सभामा पेश गर्नेछ ।

१८. **अध्ययन, भ्रमण, अनुगमन तथा मुल्याङ्कन र अन्तरक्रिया गर्नसक्नेः** समितिले आवश्यकतानुसार आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अवलोकन, भ्रमण, अनुगमन तथा मुल्याङ्कन गर्नेछ । आफ्नो विषयसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति, समुदाय, सरकारी तथा गैर सरकारी संस्था, समूह र विशेषज्ञसँग समितिमा बोलाई वा स्थलगत रुपमा आवश्यक छलफल तथा अन्तरक्रिया गर्न सक्नेछ ।

# प्रदेश सभा
# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

१९. **छलफल, समन्वय र सहकार्य गर्न सक्ने:** समितिले आवश्यकतानुसार अन्य समितिसँग सम्बन्धित विषयमा छलफल, समन्वय र सहकार्य गर्न सक्नेछ ।

२०. **मन्त्रालय वा निकायको कर्तव्य:** समिति, उपसमिति वा कार्यदलले आफ्नो विषयसँग सम्बन्धित कागजपत्र र विवरण माग गरेका बखत उपलब्ध गराउनु समितिका कार्यक्षेत्र भित्रका हरेक मन्त्रालय वा निकायको कर्तव्य हुनेछ ।

२१. **छलफलमा सहभागि नहुने:** सदस्यले समितिमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा नीजि स्वार्थ गाँसिएको भएमा स्वेच्छाले कारण सहित सभापतिमार्फत समितिलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफु अलग हुनुपर्नेछ ।

२२. **पूर्वसूचना दिनुपर्ने:** समिति, उपसमिति वा कार्यदलको वैठकमा उपस्थित हुन नसक्ने अवस्था भएमा त्यस्तो सदस्यले समितिलाई पूर्व जानकारी गराउनु पर्नेछ । लगातार पाँचपटक वैठकमा अनुपस्थित हुने सदस्यले सोको कारण सहितको सूचना सभापतिलाई दिनु पर्नेछ र सो भन्दा बढी अवधिको भएमा सभामुखबाट स्वीकृत गराउनु पर्नेछ ।

# प्रदेश सभा
# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

२३. **विदेश भ्रमणः** कुनै सदस्यलाई समितिको क्षेत्राधिकार भित्रको बिषयसँग सम्बन्धित विदेश भ्रमणको निमन्त्रण प्राप्त भएमा सभापतिलाई जानकारी गराउनुपर्नेछ । सभापतिको हकमा सभामुखबाट अनुमती लिनु पर्नेछ र समितिलाई जानकारी गराउनु पर्नेछ ।

२४. **कागजात उपलब्ध गराउनेः** सचिवालयले समितिका सदस्यलाई समितिको विषयसँग सम्बन्धित विषयका कागजात, सूचना, निर्णय वा अन्य जानकारी उपलब्ध गराउनेछ ।

२५. **सूचना प्रवाहः** वैठकको काम कारवाही, निर्णय तथा अन्य जानकारी सभापतिको अनुमति लिई सचिवले सार्वजनिक गर्न सक्नेछ।

२६. **वैठकमा समावेश विषय, छलफल तथा प्राथमिकताः** (१) समिति सम्वद्ध विषयमा सभापतिले उपयुक्त सम्झेका, समितिको कार्यक्षेत्र भित्र परेका, सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित भएका विषयले वैठकमा प्राथमिकता पाउनेछन ।

(२) समितिले सरोकारवाला व्यक्ति वा संस्था, हित समुह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासा लगायत

# प्रदेश सभा
# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

सार्वजनिक सरोकारका विषयमा छलफल गरी आवश्यक निर्णय लिन सक्नेछ ।

(३) समितिले आवश्यक ठानेमा कुनै उजुरीकर्ता वा सुचकलाई वैठकमा आमन्त्रण गरी छलफल गर्न सक्नेछ । निजले आफ्नो सहयोगका लागि कसैलाई वैठकमा ल्याउन चाहेमा सभापतिको पुर्व अनुमति लिनु पर्नेछ ।

(४) समितिले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रहेका समस्या, चुनौति र सम्भावनाको पहिचान गरी सोको समुचित टिप्पणी, सिफारिश र निर्देशन सहितको प्रतिवेदन पेश गर्नेछ ।

२७. <u>स्थलगत अनुगमन, निरीक्षण, छलफल तथा प्रतिवेदनः</u> (१) समितिले दिएको निर्देशन कार्यान्वयनको अवस्थाको सम्बन्धमा आवश्यकतानुसार उपसमिति तथा अनुगमन टोली गठन गरी स्थलगत अनुगमन, निरीक्षण एवम् समिक्षा गर्नेछ।

(२) कुनै महत्वपूर्ण विषयमा अध्ययन अनुगमन गर्दा सभापतिको नेतृत्वमा सामान्यतया सबै दलको प्रतिनिधित्व हुने गरी अनुगमन भ्रमण गर्न सकिनेछ । त्यस्तो अनुगमन भ्रमण कार्यक्रममा जानु पूर्व समितिको वैठकबाट निर्णय गरि सभामुखबाट भ्रमण आदेश स्विकृत गराउनु पर्नेछ ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

(३) सरकारबाट भए गरेका कामकारवाहीको अनुगमन तथा मुल्याङ्कन गर्ने र समिति सम्वद्ध मन्त्रालय अन्तर्गतका कार्यक्रम, योजना तथा परियोजनाको लागत, परिमाण, गुणस्तर, समय आदिलाई मध्यनजर गरी आवश्यक निर्देशन एवं राय सल्लाह दिन सक्नेछ ।

(४) समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले स्थलगत अनुगमन तथा निरिक्षण गर्न सक्नेछन।

(५) उपदफा (४) बमोजिम स्थलगत अनुमगन तथा निरिक्षणमा जानु पूर्व स्पष्ट खाका सहितको चेकलिष्ट तयार गर्नुपर्नेछ ।

(६) समितिसँग सम्बन्धित विषयमा राय दिनुपर्ने अवस्था आएमा त्यस्तो कार्यका लागि सभापति वा समितिमा रहेका कुनै सदस्यको संयोजकत्वमा अध्ययन उपसमिति, अनुगमन टोली तथा कार्यदल गठन गरी आवश्यक अध्ययन अनुगमन गरिनेछ ।

(७) उपदफा (६) बमोजिमको अध्ययन उपसमिति, अनुगमन टोली तथा कार्यदलले पेश गरेको प्रतिवेदन समितिमा

# प्रदेश सभा
# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

छलफल तथा पारित गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि निर्देशन सहित पठाइनेछ ।

(८) समितिले सुदूरपश्चिम प्रदेशभित्र संघ र स्थानीय तहबाट सञ्चालित विभिन्न आयोजनाहरुको अनुगमन, निरिक्षण गरी सम्बन्धित तहसँगको समन्वयमा आवश्यक पहलकदमी गर्न सक्नेछ ।

२८. **समितिको अभिलेखः** सचिवले सभापतिको निर्देशन अनुसार समितिमा भएको छलफल, निर्णय र काम कारवाहीसँग सम्बन्धित विषयको अभिलेख व्यवस्थित गरी राख्नेछ ।

२९. **वैठकमा प्रवेशः** सञ्चारकर्मी वा अन्य सरोकारवालालाई समितिको वैठकमा आवश्यकता अनुसार प्रवेश दिइने छ।

३०. **सहयोग गर्नुपर्नेः** सदस्यले वैठक संचालन कार्यमा सभापतिलाई सहयोग गर्नु पर्नेछ।

३१. **व्याख्याः** यो कार्यविधिको व्याख्या गर्ने अधिकार सभापतिलाई हुनेछ र सोको जानकारी समितिलाई दिनुपर्नेछ ।

३२. **संशोधन वा परिमार्जनः** समितिले आवश्कता अनुसार यो कार्यविधि संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**मितिः २०८०/१०/०४ गते**

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- १८**

मिति २०८०।१०।०४

## छलफल तथा निर्णय

२. समितिको अर्को बैठक मिति २०८०।१०।०६ गते दिउँसो ३:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।